हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना
स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्होरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।
प्रोप्राइटर : परशुराम चौधरी
जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल
लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि
फो.नं. ०३३५६१२९२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : १०४ पृष्ठ : ४ २०७७ कार्तिक २४ गते सोमबार (Monday 09 November 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## ग्रामिण आर्थिक विकासको मुख्य श्रोत सहकारी : वक्ताहरु

■ बद्री नारायण यादव

**सिरहा ।** आर्थिक रूपले पछि परेका ग्रामिण भेगको आर्थिक विकासको मुल श्रोत सहकारी बन्ने गरेको एक कार्यक्रमका वक्ताहरूले बताएका छन् । सारश्वरनाथ साना किसान कृषि सहकारी संस्था लि.को दोश्रो बार्षिक साधारणसभामा बोल्दै वक्ताहरूले त्यस्तो कुरा बताएका हुन् ।

व्यक्ति तथा समाजको आर्थिक तथा सामाजिक परिवर्तनमा सहकारीले अहम भुमिका निर्वाह गर्ने गरेको सिरहा क्षेत्र नं. ३ (ख) का प्रदेशसभा सदस्य प्रमोद यादवले बताए । 'सहकारी नीति ३०/४० वर्ष देखि चल्दै आएको थियो तर धेरै व्यक्तिले यसको प्रभाव र महत्वबारे थाहा थिएन,'उनले भने,'सहकारी नीतिलाई आत्मसात गरेर अघि बढेका व्यक्ति तथा समाजको छोटो समयमा विकास भएको धेरै उदाहरण छन् ।'

सहकारीले आत्मनिर्भर बनाउने तर्क गर्दै उनले भने,'सहकारीले सबै वर्गका व्यक्तिलाई आपसमा जोड्ने काम गर्दै आएको छ । सबैलाई समान व्यवहार पनि यसैमा हुने गर्दछ ।' सुरूवाती चरणमा सहकारीको प्रभाव समान्य लागेपनि पछि गएर यसले व्यक्तिको जीवन तथा समाजमा राम्रो परिणाम दिने गरेको उनले दाबी गरे । सहकारीले सबैको साथ सबैको विकासका नीति लिएर अगाडी बढ्ने गरेको हुँदा सहकारीमा सकृयताका साथ लाग्न उनले सबैसँग आग्रह गरे ।

साना किसानले अपनाएको सहकारी नीतिलाई विश्वका सहकारी अभियन्ताले बुझ्न र अध्ययन गर्न आइराखेको जिल्ला समन्वय समिति सिरहाका उपसभापति तथा साना किसान कृषि सहकारी संस्था लि.का अध्यक्ष सरोज कुमार यादवले बताए । साना किसानको हरेक विकासको सुरूवात सहकारीबाट सफल सुरूवात हुने गरेको उनको दाबी छ । परिवर्तित अवस्थामा साना किसान सहकारीलाई नै चौतर्फी रूपमा सवल र सक्षम बनाई अघि बढ्ने सरकारको नीति रहेको बताउदै उनले सहकारीबाटै कृषि उद्योग, डेरी, विद्यालय, अस्पताल, उत्पादित कृषि उपजका सामग्रीको भण्डारण र बजारीकरण गर्न सकिने बताए ।

व्यक्तिको स्वच्छा र सिप अनुसारको काम गर्न सहकारीले सहज रूपमा बीउ पुजीको व्यवस्था गर्दै आएको हुँदा सकृयताका साथ काम गर्न चाहनेहरूको आर्थिक तथा बौद्धिक विकासमा धेरै समय नलाग्ने उनले दाबी गरेका छन् । स्वच्छिक तथा खुल्ला सदस्यता, सदस्यद्वारा प्रजातान्त्रिक नियन्त्रण, सदस्यहरूको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा तालिम र सूचना, सहकारी संस्थाबीच पारस्परिक सहयोग, समुदाय प्रति चासो सात सिद्धान्तमा आधारित भएर सहकारी संचालन हुने गरेको हुँदा सबैलाई आ–आफ्नो सकृय सहभागीता जनाउनु उनले आग्रह गरे ।

करोडौंको कारोवार

सारश्वरनाथ साना किसान कृषि सहकारी संस्था लि.दर्ता भएको दुई वर्ष नबित्दै शेयर सदस्य तथा संचालक समितिका सदस्य एवम् व्यवस्थापकिय सुदृढताको प्रतिफल करोडौंको कारोवार गर्न सफल भएकोमा कार्यक्रममा बोल्ने वक्ताहरूले



खुशी व्यक्त गरे । महिलाहरूकै सकृयतामा गएको दुई वर्ष अघि ३० जनाबाट सुरू भएको सहकारी दोश्रो साधारणसभामा ४ सय ३५ शेयर सदस्य र कुल शेयर पुजी १२ लाख ९२ हजार ४ सय पुऱ्याएको छ भने २ करोड २६ लाख ११ हजार २ सय ६० रूपैयाँ कुल ऋण लगानी रहेको छ ।

सहकारीको आन्तरिक आयलाई सुदृढ गर्दै विभिन्न दातृ निकायसँग समन्वय प्रक्रियालाई सकृय रूपमा अघि बढाएर आउदो वर्षमा ऋण लगानीलाई बृद्धि गर्नुका साथै सामाजिक उत्तरदायित्वका कार्य, किसानको क्षमता अभिबृद्धिका कार्यक्रमहरूमा विषेश जोड दिइने संस्थाका प्रबन्धक रामचन्द्र यादवले प्रगति प्रतिवेदन प्रस्तुत गर्दै बताए । समूह नं.२३ की सनिता देवी मेस्तरले आफ्नो समूहको सबैको निस्कृयताका बावजुद नियमित रूपमा बचत गर्दै सकृय रूपमा काम गरेको तथा समूह नं.४१ की रामकुमारी यादवले सबै भन्दा बढि शेयर खरिद गरेको भन्दै दुबै जनालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

संस्थाकी अध्यक्ष निर्मला कुमारी पासमानको अध्यक्षतामा भएको बार्षिक साधारणसभामा लेखा समितिकी संयोजक रिता कुमारी साह, साना किसान कृषि सहकारी संस्था लि.विष्णुपुरका प्रवबन्धक उपेन्द्र यादव, समाजसेवी जीवछ गुप्ता, माँ भवानी साना किसान

बाँकी २ पेजमा

## इनारमा डुबेर मृत्यु

**लहान ।** मानसिक सन्तुलन बिग्रेका २७ वर्षीय पुरूषको ससुराली गाउँको इनारमा हाम फालेर मृत्यु भएको छ । नेपाली सेनाको टोलीले डोरीमा हुक र पासोको सहयोगमा शव निकालेर प्रहरीलाई बुझाएको छ ।

सिराहाको धनगढीमाई नगरपालिका– १२ कालापानी गाउँका सुशील बस्नेत सोही वडामा पर्ने ससुराली गाउँ थटियाको करिब ९० फिट गहिरो इनारमा मृत अवस्थामा भेटिएपछि नेपाली सेनाको चोहर्वास्थित शेर गणबाट आएको टोलीले शव निकालेर प्रहरीलाई बुझाएको हो ।

शेर गणका गणपति प्रमुख सेनानी जितेन्द्रकुमार गौलीका अनुसार दोस्रो दिन शनिबार अक्सिजनसहितको टोलीले करिब साढे तीन घन्टाको प्रयासमा शव निकालेर प्रहरीको जिम्मा लगाएको हो ।

सेनाको टोलीले इनारमा मृत अवस्थामा भेटिएका बस्नेतको शव निकाल्न शुक्रबार राति सवा नौ बजेदेखि प्रयास गरेको भए पनि ९० फिट गहिरो इनारमा

बाँकी २ पेजमा




## स्वास्थ्यकर्मीमा कोरोण संक्रमण भएपछि अस्पतालको सेवा अवरुद्ध

**लहान ।** फ्रेन्ड्स मोडेल अस्पताल लहानका दुई जना स्वास्थ्यकर्मीमा कोरोना पोजेटिभ देखिएपछि अस्पताल शिल गरिएको छ । अस्पतालमा कार्यरत ३० बर्षीया ल्याब टेक्निसियन र अर्को २८ वर्षीय स्वास्थ्यकर्मीमा कोरोना संक्रमण पुष्टी भएपछि आइतबार वेलुका अस्पताल शिल गरिएको हो ।

लहान नगरपालिका स्वास्थ्य शाखा प्रमुख रामसुन्दर यादवका अनुसार गत कात्तिक १९ गते बुधबार लहान नगरपालिकाले ४० जनाको नि:शुल्क स्वाब संकलन गरी पिसीआर परिक्षणका लागी प्रादेशिक जन स्वास्थ्य प्रयोगशाला जनकपुर पठाईएको थियो ।

जसमध्ये २ जना स्वास्थ्य कर्मिसहित २० जनाको रिपोर्ट कोरोना पोजेटिभ आएको बताइएको छ । संक्रमित सबै होम आईसोलेसनमा रहेको बताइएको छ । उनीहरूको सम्पर्कमा आएकाहरूको कन्ट्याक्ट ट्रेसिङको कार्यभईरहेको प्रमुख यादवले बताए ।

यादवले अनुसार ४० जनामा २० जना संक्रमण देखिएपछि नगरपालिका उच्च जोखिममा रहेको स्पष्ट भएको बताए ।

ईलाका प्रहरी कार्यलय लहानका डिएसपी शरत कुमार थापा क्षेत्री र लहान नगरपालिका स्वास्थ्य शाखा प्रमुख यादवको उपस्तिथिमा अस्पताल शिल गरिएको बताइएको छ ।



फ्रेन्डस मोडल हस्पिटल, लहान ४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# समग्र सहकारीमा नयाँ नेतृत्व



**लहान ।** समग्र बचत तथा ऋण सहकारी संस्था लिमिटेड लहानको बाह्रौ वार्षिक साधारण सभाले देवराज पोखरेलको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति चयन गरेको छ ।

साधारण सभाले उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा रामभरोसी महतो, अन्जनी राउत र अनिता कुमारी चौधरी चयन गरेको छ । त्यसैगरी सञ्चालक समितिका सदस्यहरूमा अशोक लाल अमात्य, विनोद कुमार बिसुन्के, मणिलाल विश्वकर्मा, श्याम कुमारी साह, भास्कर प्रसाद मिश्र र अन्जु न्यौपाने भुजेल चयन भएका छन् ।

थप १ जना सञ्चालक समिति सदस्य तथा समिति उप समिति सदस्यहरू सञ्चालक समितिको बैठकले नै चयन गर्ने अख्तियारी दिइएको छ । साधारण सभाले सहकारीको आर्थिक वर्ष २०७६ र ०७७ को आर्थिक कारोबार पारित गरेको समग्र बचत तथा ऋण सहकारी संस्था लिमिटेडका व्यवस्थापक अम्बराज मिश्रले जानकारी दिए ।

# दीपावली र छठ नजिकिएसँगै माटो र बाँसका सामग्रीको बिक्री बढ्यो

**दी**पावली र छठ नजिकिएसँगै सिराहामा माटो र बाँसका विभिन्न सामग्रीको बिक्री बढेको छ ।




नेपालीको दोस्रो ठूलो पर्व दीपावलीमा माटोको दियो, डिबियासँगै गाग्री (घैला)को प्रयोग गरिन्छ ।

त्यसैगरी छठमा विशेषगरी गाग्री, दियो, ढकना, हात्तीजस्ता माटोले बनेका सामग्रीको प्रयोग हुँदै आएको छ ।

सिराहामा माटो र बाँसले बनाएका सामग्रीको हाटबजारमा बिक्री बढेको व्यवसायीहरु बताउँछन् ।

बाँसले बुनेका ढकिया, सुपा, कोनिया, डगरीजस्ता सामग्रीले छठ पर्वमा उपयोग हुँदै आएकोले बिक्री बढेको सिराहा नगरपालिका– १ का व्यवसायी सुरेश मल्लिकले बताए ।

सिराहा नगरपालिका– ११ भलुवाहीमा माटोका सामग्री बनाउँदै आएका प्रदीप पण्डितले अरु वर्षजस्तै यस वर्ष पनि माटोका सामग्री बनाउन भ्याइनभ्याई भएको बताए ।

'कोरोनाले ठप्प भएको व्यापार दीपावली र छठमा माटोको सामग्रीको व्यापारले तंग्रिएको छ,' पण्डितले भने, 'गत वर्षभन्दा महँगोमा माटोका सामग्री बेच्दै आएको छु ।'

छठ पर्वमा चाहिने माटोका सामग्री (घैला, ढकना, हात्ती, दियो) तीन सयदेखि तीन सय ५० रूपैयाँमा बेच्दै आएको पण्डितले बताए ।

यता बाँसका ढकिया तीन सय ५०, सुपा दुई सय, डगरी–कोनिया एक सय ५० रूपैयाँ बेच्दै आएको सिराहा नगरपालिका १९ का प्रमोद मल्लिकले बताए ।

जिल्लाको मुख्य बजार क्षेत्र सदरमुकाम सिराहा, मिर्चैया, लहान, गोलबजार र ग्रामीण बजारहरु कल्याणपुर, सुखीपुर, कर्जन्हा, बरियारपट्ट, भगवानपुरलगायतका बजार क्षेत्रमा माटो र बाँसका सामग्रीको बिक्री बढेको स्थानीय व्यवसायीहरु बताउँछन् ।

माटोका सामग्री विशेषगरी कुमाल समुदाय र बाँसका सामग्री डोम समुदायले तयार पारेर दीपावली र छठमा बेच्दै आएका छन् ।

# पालिकामा कामैकाम

## पालिका बहस

### डा. विजयप्रसाद मिश्र



**पा**लिकामा कामैकाम छ । जुन पालिका जानुस यो काम ऊ काम कामैकाम छ । नयाँ जनप्रतिनिधि र नयाँ नयाँ कर्मचारीहरू धमाधम काम गरिरहेका छन् । तर कामैकाम भएका पालिकाहरूमा ती कामहरू कसरी भइरहेको छ ? आफूलाई कुन काम लाग्दछ ? गरेको कामलाई कसरी सदुपयोग गर्ने भन्ने विषयमा भने व्यवस्थापन पक्ष फितलो देखिएको छ ।

अन्य अनुभवि नगरपालिका वा गाउँपालिकाका जनप्रतिनिधिहरूले के के काम गरेका छन् ? त्यसको देखासेखी गर्ने र भटाभट काम गर्ने परम्परा अहिले पालिकाहरूमा चलेको छ । कतिपय पालिकाहरूमा गरिने आन्तरिक आय अध्ययन, प्रक्षेपण र राजस्व सुधार कार्ययोजना निर्माण, एकीकृत आवधिक विकास योजना ( नपा तथा गापा स्तरीय), लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा, नगर तथा गाउँ डिजिटल प्रोफाइल (वस्तुस्थिति विवरण) तयारीका कामहरू कुनै परामर्शदाताले गरिदिएको छ । एउटा पालिकामा गरिएको कामलाई अर्को पालिकामा कपिपेस्ट गर्ने चलनले परामर्शसेवा नै विकृति आएको देखिएको छ । कसैले बनाएको संगठन तथा व्यवस्थापन सर्वेक्षण, सम्पत्ती कर सम्बन्धी तालिम तथा कार्यविधि तयारी र मध्यकालीन खर्च संरचना होस या स्थानीय तह क्षमता विकास योजना तर्जुमा धेरैजसो उस्तै उस्तै नाम मात्र फरक पारेर राखेको पाइन्छ भने भौगोलिक विविधता, उर्वरभूमिको फरक क्षमता, पहाडी क्षेत्र र तराईको विविधता र जनशक्ति तथा स्थानीय साधन स्रोतहरूमा फरक फरक तथ्याङ्क हुँदाहुँदै पनि अर्को पालिकामा बनाएको सामग्री कुनै अर्को पालिकामा दिंदा वा बुझाउँदा बौद्धिक चोरी हुने र त्यसले ग्रासरूटका कुरा नबुझी सतही रूपमा मात्र जानकारीहरू प्राप्त हुँदा प्रतिवेदन र विश्लेषणहरू अर्ग्यानिक हुन सकेको छैन । नगरपालिकाहरूले यसतर्फ ध्यान दिनु पर्दछ ।

पालिकाहरूले ऐन कानुन, निर्देशिका, कार्यविधिहरू बनाउँदा होस वा कुनै कार्यक्रमको ढाँचा तयार गर्दा समेत आफ्नो मौलिकता गुमाएको देखिन्छ । संघको प्रभाव, माथीको निर्देशनको पिछलग्गु हुने र राजनीतिक पार्टीका केन्द्रिय नेताहरूको राप र तापका कारणले पालिकाको अनुन्धान, कानुन र प्रक्रियामा प्रभाव पारिरहेको छ । यसबारेमा कतिपय जनप्रतिनिधिहरूले बाध्यता भएको वा आफूसंग दक्ष जनशक्तिको अभाव भएकोले अरूको नक्कल गरेर भएपनि काम देखाउन बाध्य भएको लाचारी देखाई रहेका छन् भने कतिपय पालिकामा बनाइएका विषयक्षेत्रगत रणनीतिक योजना तर्जुमा (कृषि, शिक्षा, स्वास्थ्य, आदि), पर्यटन गुरूयोजना तर्जुमा, प्रशासनीक दिग्दर्शन, कार्यविधि, स्थानीय तह सामाजिक जवाफदेहिता सम्वन्धी कार्यविधि (सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, गुनासो व्यवस्थापन), बार्षिक योजना तथा बजेट तर्जुमा (७ चरणको विस्तृतिकरण) विस्तृत प्रकृया कार्यविधि, लैङिगक समावेशीकरण, दीगो विकासको पत्रिया, सामाजिक न्यायको सिद्धान्तको अनुशरण, जी.डी.पी. बढाउन गरिने प्रयासहरू, स्रोत साधन र जनशक्तिलाई उत्पादन बढाएर जी.डी.पी. बढाउनका लागि ध्यानदिनुपर्ने कुराहरूमा समेत स्थानीय अवसर, सम्भाव्यताहरूलाई भन्दा समग्र मूलुकका सम्भाव्यता र अवसरहरूको आधारमा व्याख्या विश्लेषण गर्ने पचलनले गरिसत गरैँ भन्ने मनोबृत्ति बढ्दै गएको छ ।

यस्तो अवस्थामा पालिकाहरूले कुन कुन काम गरिसकेका छन् र कुन कुन काम गर्न बाँकी छ ? गरेका कामका पतिवेदनहरू उपयोगि छन् कि छैनन् । अधुरो पतिवेदन बुझाएर दराजमा धन्किएर बसेको छ कि ? वा पालिका सुहाउँदो नभई पहाडी क्षेत्रको पालिका रिपोर्टहरू तराईका पालिकामा र तराईकालागि काम लाग्ने रिपोर्टहरू पहाडी वा हिमाली क्षेत्रको पालिकामा पुगेको देख्दा साच्चिकै पालिकाहरू सिकारू हुन र उनीहरूलाई पाँच बर्ष सिक्न नै लाग्ने देखिएको छ ।

कतिपय पालिकाहरू भौतिक पूर्वाधार विकासमा लागेका छन् । त्यो राम्रो हो । तर नागरिकको शसक्तिकरण पनि उत्तिकै महत्वपूर्ण कुरा हो । नागरिकलाई शसक्तिकरण गर्न एक हप्ता वा एक महिनाको तालीमले पुग्दैन । जबसम्म उनीहरूले कुनै एक सीप सिक्दैनन् । र त्यो सीपलाई उपयोग गरेर आफ्नै खुट्टामा उभिन सक्ने बातावरण सृजना गरिदिएर पालिकाहरूले उनीहरूले उत्पादन गरेको सामग्रीहरू समेत खरिद गर्ने वा बजार खोजिदिने काम गरेर केही समय सीप भएका नागरिकको सहयात्री भएर पालिका अघि बढ्यो भने त्यसले केही सकारात्मक उपलब्धीहरू ल्याउन सक्छ । तर यस तर्फ ध्यान नदिई बजेट सक्ने मेलो, प्रतिवेदनको चाँग लगाएर त्यसमा दिइएका सुभाव र सुधारका तर्कहरूलाई आत्मसाथ गर्न पालिकाहरूले आनाकानी गर्ने हो भने नागरिकमा निरासा छाउन सक्छ ।यसतर्फ सबै पालिकाहरू होसियार हुनु पर्दछ । त्यसैले शसक्तिकरणमा सीपलाई मूख्य लक्ष्य बनाउने र भौतिक पूर्वाधारमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाई, हाटबजारको व्यवस्थापनमा बढी ध्यान दिनु आवश्यक छ ।

## ग्रामिण...

कृषि सहकारी संस्था लि.का नन्दकिशोर चौधरी, पूर्व प्रबन्धक कामेश्वर सिंह लगायतले व्यक्ति तथा समाज विकासमा सहकारीको भुमिका दर्साउदै आ–आफ्ना मन्तव्य राखेका थिए ।

## इनारमा...

अक्सिजनको कमी भई शव निकाल्न खटिएका सेना नै असुरक्षित भएपछि राति डेढ बजे छोडिएको प्रमुख सेनानी गौलीले बताए ।

त्यसपछि शनिबार बिहान गणका सहसेनानी उत्तम कट्टेलको कमाण्डमा १–९ नफ्रीमा आवश्यक सुरक्षा सामग्री, विपत् व्यवस्थापनसम्बन्धी तालिमप्राप्त फौज तथा अक्सिजनसहितको टोलीले बस्नेतको मृत शरीर इनारबाट निकालेको हो । शवको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा पोस्टमार्टम गरिएको प्रहरीले जनाएको छ ।

भारतमा मजदुरी गर्दै आएका बस्नेतको मानसिक सन्तुलन बिग्रिएपछि करिब पाँच दिनअघि एक्लै ससुराली गाउँ थटिया आएको थाहा पाएको धनगढीमाई–१२ का वडाध्यक्ष राजु श्रेष्ठले बताए । 'आयो, मार्‍यो' भन्दै घर छोडेर भाग्ने गरेका बस्नेत शुक्रबार साँझ पनि ससुराली घरबाट हिँडेको थाहा पाएपछि खोज्ने क्रममा इनारमा मृत अवस्थामा भेटिएको वडाध्यक्ष श्रेष्ठले बताए ।






## आजको राशिफल

**मेष** :- आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ ।

**वृष** :- आज मणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरुमा प्रगति हुनेछ ।

**मिथुन**:- आज शुभ समाचार सुन्न पाइनेछ । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । पराक्रम बढ्नुका साथै कार्यमा प्रगति हुने देखिन्छ ।

**कर्कट** :- आज अतिथिका रुपमा सम्मान पाइनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । ठुला व्यक्तिले तपाईँका मेहनतको प्रसंसा गर्नेछन् ।

**सिंह**:- शरीरमा स्फूर्ति र उमङ्गको कमी हुनेछ । झुटा आरोप आईपर्दा समस्या खेप्नुपर्नेछ । स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ ।

**कन्या** :- लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । । वैदेशिक व्यापार र नोकरी गर्नेका लागि सन्तोषजनक रहनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**तुला**:- आज तिर्थाटनको योगछ । नयाँ कार्यको थालनी हुनेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ । आत्मिक सन्तुष्टि मिल्नेछ ।

**वृश्चिक** :- लामो समयदेखि रोकिएका अधुरा कार्यहरु पुरा हुनेछन् । पारिवारिक सहयोग मिल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।

**धनु** :-आज प्रतिकूल समयले घेरेको छ, संयम रहनु होला । बोलीको विपरीत अर्थ लाग्न सक्नेछ । नियमित खर्चसमेत बढ्ने योग रहेकोछ ।

**मकर** :- मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यमा अधिक सफलता मिल्नेछ । लगानी गर्ने समयपनि छ ।

**कुम्भ**:- आज परिवारजनको साथले नयाँ आशा पलाउनेछ । काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ ।

**मिन** :- मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ । रमणीय र टाढाको यात्रा फलदायी हुँदैन ।

# दुई देशबीचको सम्बन्धमा टर्निङ्ग प्वाइन्ट

■ रामसुकुल मण्डल

भारतको कूटनीतिमा सेनाको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालसँग सुरक्षा चासो जोडिने हुँदा सेनाको अझ बढी भूमिका हुनेगर्छ । विगतमा पनि सम्बन्ध खटपट हुँदा सेनाले सम्बन्धलाई सहज बनाउने काम गरेको छ । नेपाल र भारतका सेना प्रमुख एक–अर्का देशको मानार्थ महारथी हुने हुँदा सेनाले केही गर्दैन भन्ने चाहीँ होइन तर भारतीय सेनाध्यक्षको भ्रमणका बेला केही भए यो भ्रमण दुई देशबीचको सम्बन्धमा एउटा 'टर्निङ प्वाइन्ट' बन्न सक्छ ।

नेपाल र भारतबीच एकअर्को देशका सेनाप्रमुखलाई मानार्थ प्रधानसेनापतिको दर्जाबाट सम्मान गर्ने परम्परा रहँदै आएकोमा भ्रमणका क्रममा उनले राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाली सेनाको मानार्थ महारथीको दर्जा प्रदान गरिएको छ ।

यसअघि प्रधानसेनापति थापाले २०७५ पुस २९ मा नयाँदिल्लीमा भारतका राष्ट्रपति रामनाथ कोविन्दबाट भारतीय स्थल सेनाको मानार्थ प्रधानसेनापतिको दर्जा ग्रहण गरेका थिए । यस्तो कार्यक्रम विगतमा सामान्य औपचारिकतामा सीमित रहने गरिए पनि केही महिनादेखि नेपाल–भारत सीमालाई लिएर कायम विवाद र नरवणे आफैंले दिएको नेपालसम्बन्धी विवादास्पद अभिव्यक्तिका कारण उनको भ्रमणलाई काठमाडौं र दिल्लीमा विशेष चासोका साथ हेरिएको छ । बितेको एक वर्षदेखि सीमा विवादका कारण दुई देशको राजनीतिक नेतृत्वबीच हार्दिक सम्बन्ध बन्न नसकिरहेको पृष्ठभूमिमा नरवणेको भ्रमणबाट नाकाबन्दी अन्त्य गर्न प्रयोग भएको सैन्य कूटनीति पुनः एकपटक प्रयोग हुने अपेक्षाले पनि यो भ्रमणलाई विशेष चासोका साथ हेरिएको छ । नक्सा विवादका कारण केही महिनादेखि काठमाडौं र नयाँदिल्लीबीच राजनीतिक तहमा औपचारिक सम्बन्ध सुरू हुन नसकिरहेका बेला नरवणेको भ्रमणलाई अर्थपूर्ण मानिएको छ । यो भ्रमणले राजनीतिक तहको सम्बन्धलाई अगाडि बढाउन सहयोग मिल्ने अपेक्षा पनि गरिएको छ । विशेषगरी शुक्रबार हुने प्रधानमन्त्री ओलीसँगको भेटवार्तालाई दिल्ली र काठमाडौं दुवैले चासो दिएका छन् ।

दिल्ली र काठमाडौंबीच कायम संवादहीनतालाई नरवणेको भ्रमणले सैन्य कूटनीतिमार्फत तोड्ने अपेक्षा गरिएकाले पनि बढी महत्त्व राखेको विश्लेषकहरूको बुझाइ छ ।

यहि वर्ष वैशाखमा भारतले चीनको मानसरोवर जोड्ने पिथौरागढ–लिपुलेक सडकखण्डको सुरू गरेपछि दुई देशबीचको सम्बन्ध तिक्ततापूर्ण रहँदै आएको छ । भारतले उक्त सडक नेपाली भूमिमा निर्माण गरेको भन्दै नेपालले औपचारिक रूपमै विरोध जनाएको थियो ।

यता नेपालले ऐतिहासिक प्रमाणलाई आधार बनाएर लिम्पियाधुरासम्मको भूमि समेटेर नयाँ राजनीतिक नक्सा सार्वजनिक गर्‍यो । नेपालले त्यही नक्साका आधारमा संविधानसमेत संशोधन गर्‍यो । त्यसबाट थप आक्रोशित बनेको भारतले सीमा विवाद छलफलका लागि नेपालले नै वातावरण बनाउनुपर्ने बताउँदै आएको छ । जसले गर्दा राजनीतिक तहमा औपचारिक संवाद हुन सकेको छैन । यहि सेरोफेरोमा भारतीय सेनाध्यक्षको भ्रमण भएको हो ।

विश्लेषकहरूले यहि पृष्ठभूमिमा नरवणेको चारदिने भ्रमण मूलतः परम्पराको निरन्तरता भए पनि यसले दुई देशबीच राजनीतिक संवाद बढाउन सहज वातावरण निर्माणमा सघाउने अपेक्षा गरेका छन् ।

यता, भारतीय सेनापति नरवणेले पनि आफ्नो भ्रमणले दुई देशबीचको सैन्य सम्बन्ध थप सुदृढ हुने बताएका छन् । भ्रमणको पूर्वसन्ध्यामा उनले एक भिडियो सन्देश जारी गर्दै भ्रमणबाट दुई देशका सेनाबीचको मित्रता र आपसी सम्बन्ध थप सुदृढ हुने उल्लेख गरेका छन् ।

यसअघि काठमाडौंस्थित भारतीय दूतावासले पनि सेना प्रमुखको नेपाल भ्रमणले दुई देशका सेनाबीचको परम्परात सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरेको छ । दूतावासका प्रवक्ता नवीन कुमारले भनेका छन्, 'जनरल नरवणेको प्रमुखले दुई देशका सेनाबीचको लामो र परम्परागत मित्रवत् सम्बन्धलाई थप सुदृढ बनाउनेछ ।' भ्रमणले दुई पक्षीय रक्षा साझेदारीका विषयमा छलफल गर्न अवसर प्रदान गर्ने र आपसी हितका लागि त्यसलाई सुदृढ बनाउन नयाँ अवसरहरूको ढोका खोल्ने विश्वाससमेत उनको भनाइ छ ।

भारतीय सेनापतिको भ्रमणको विषयमा जति चासो नेपालमा छ त्यति नै भारतमा पनि रहेको पाइएको छ । भारतीय सञ्चारमाध्यमहरूले पनि नरवणेको भ्रमणले सीमा विवाद छलफलका लागि विदेशस्तरीय बैठकका लागि अनुकूल वातावरण निर्माण गर्ने चर्चा गरेका छन् । *द हिन्दुस्तान टाइम्सले* लामो समयदेखि रोकिएको विदेश सचिवस्तरीय बैठक अघि बढाउन नरवणेले काठमाडौंमा रहँदा प्रधानमन्त्री ओलीसँग गर्ने भेट र भेटवार्ता अपेक्षा गरेजस्तो भए भारतले विदेश सचिवस्तरीय वार्ता र सीमासम्बन्धी प्राविधिक समितिको बैठकका लागि सहमति जनाउने लेखेको छ । यस्तै अर्को भारतीय दैनिक *टाइम्स अफ इन्डियाले* पनि सीमासम्बन्धी प्राविधिक समितिको बैठक नरवणेको भ्रमणको नतिजामा निर्भर रहने उल्लेख गरेको छ ।

***मधेश दर्पण फिचर सेवा***

# कोरोनामा 'कोर्स करेक्सन' गरौं

## विज्ञ भन्छन् – मन्त्रालयले सकेन, प्रधानमन्त्री नै अगाडि आउनुपर्छ





**राजकुमार श्रेष्ठ**

पछिल्ला दिनहरूमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गर्ने पछिल्लो २४ घण्टामा पुष्टि भएका संक्रमितको संख्या हेर्दा लाग्छ, नेपालमा कोरोना भाइरस (कोभिड(१९) को संक्रमण घटेको छ । हिजोआज हरेक दिन थपिने संक्रमितको संख्या तीन हजार आसपास छ । जबकि ५ कात्तिकमा अहिलेसम्मकै सबैभन्दा धेरै ५ हजार ७४३ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो ।

दसैंको समयमा मानिसहरूको आहोर(दोहोर बढ्ने भएकाले संक्रमण अझ फैलिने जनस्वास्थ्य विज्ञहरूको चेतावनी थियो । तर, आजभोलि मन्त्रालयले दैनिक सार्वजनिक गर्ने संक्रमितको संख्या भने घटेर ३ हजार हाराहारी मात्र छ ।

के साँच्चै नेपालमा कोरोना संक्रमण घटेको हो त ? यही जान्न हामीले मन्त्रालयका केही अधिकारी र विज्ञसँग कुराकानी गर्‍यौं । औपचारिक रूपमा बोल्न तयार नभएका उनीहरू भन्छन्, 'पछिल्ला दिनमा दैनिक थपिने संक्रमितको संख्या रिपोर्टमा घटे पनि संक्रमण अलि जटिल अवस्थामा जाँदैछ ।'

उनीहरूका अनुसार सरकारले औपचारिक रूपमा नभने पनि देशका धेरै ठाउँमा समुदाय स्तरमा संक्रमण फैलिसकेको छ । काठमाडौं जिल्लामा मात्र १५ हजार ४५५ सक्रिय संक्रमित छन् भने झापा, मोरङ, सुनसरी, ललितपुर, भक्तपुर, चितवन, मकवानपुर, काभ्रे, कास्की, नवलपुर, दाङ, रूपन्देहीमा सक्रिय संक्रमित ५०० बढी छन् । बाँके र कैलालीमा पनि सक्रिय संक्रमतिको संख्या ५०० नजिक छ ।

पछिल्लो समय लक्षण भएका र अस्पताल भर्ना गर्नुपर्ने संक्रमितको संख्या पनि बढेको छ ।

स्वास्थ्य मन्त्रालयको आइतबारको तथ्यांकअनुसार देशभर कुल सक्रिय संक्रमितको संख्या ३५ हजार ४१९ छ । उनीहरूमध्ये २९ हजार १९७ जना होम आइसोलेसनमा छन् । ६ हजार २२२ जना संस्थागत आइसोलेसनमा छन्, जसमध्ये ३९८ जनाको आईसीयू र ८२ जनाको भेन्टिलेटरमा उपचार भइरहेको छ ।

सरकारी तथ्यांकअनुसार देशभर ३२ हजारभन्दा बढी जनरल बेड, २६०० आईसीयू र ९०० भेन्टिलेटर छन् । तर, अहिले नै अधिकांश अस्पतालहरू भरिएका छन् । गम्भीर अवस्थाका संक्रमितले समेत आईसीयू र भेन्टिलेटर पाउन सकेका छैनन् ।

अहिले कुनै पनि संक्रमित अस्पताल पुग्दा राख्ने तीन ठाउँ छ, आइसोलेसन, आईसीयू वा भेन्टिलेटर । चिकित्सकहरूका अनुसार अस्पताल भर्ना भएका धेरै संक्रमितलाई अक्सिजन दिंदा पुग्छ । तर, आइसोलेसनभन्दा थप सुविधा भएका अरू बेड नहुँदा आईसीयूमा सार्नुपर्छ र, उसले १०र१२ त्यो बेड होल्ड गर्छ ।

लक्षण भएका संक्रमित थपिइरहेका बेला सबैलाई आईसीयू बेड जोहो गर्न सम्भव पनि छैन । त्यसैले मन्त्रालयले आईसीयूभन्दा कम सुविधा भएको, तर हाई अक्सिजन फ्लो भएका हाई डिपेन्डेन्सी युनिट (एचडीयू) प्रत्येक प्रदेशमा ५०० र उपत्यकामा २५०० गरी ६ हजार बनाउने बताएको थियो ।

यसका लागि पहिलो चरणमा केही अस्पतालहरू छनोट पनि भए । तर, काठमाडौं उपत्यकाकै केही अस्पतालमा बेड थप गर्ने अवस्था नै नभएको पाइएको छ ।

स्वास्थ्य मन्त्रालयको टोलीले अघिल्लो साता गरेको अनुगमनमा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बीएण्डबी, अल्का, नर्भिक, ह्याम्स लगायतका अस्पतालमा बेड थप्न नसकिने पाइएको छ ।

यहीबेला निश्चित समूह बाहेक अरूको कोरोना परीक्षण र उपचार आफ्नै खर्चमा गर्नुपर्ने मन्त्रालयको निर्णयका कारण कोरोना परीक्षणसमेत प्रभावित भएको छ । स्थानीय तहहरूले गर्ने कन्ट्याक ट्रेसिङमा परेकाहरूको स्वाब संकलन रोकिएको छ । आफैं शुल्क तिरेर परीक्षण गर्नुपर्ने भएपछि लक्षण नभएका मात्र होइन, लक्षण भएका संक्रमितहरू समेत परीक्षण नगरी बस्न थालेका छन् ।

यसले संक्रमणलाई थप जटिल अवस्थामा पुर्‍याउने भन्दै मन्त्रालयका एक अधिकारी भन्छन्, 'अब केस म्यानेजमेन्ट गर्न सकिएन भने जटिल अवस्था आउँछ ।'

उनका अनुसार पछिल्लो समय गर्नुपर्ने तीन काम छन्, जसमा मन्त्रालय चुक्दै गएको छ ।

———— बाँकी ४ पेजमा


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ–आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

गोलबजार नगरपालिका कार्यालय, सिरहा

सिरहा नगरपालिका कार्यालय, सिरहा

# ग्यास्ट्रिकको समस्या हुनेले चिया खाने कि कफी ?

जाडोयाममा औसतमा भन्दा धेरै चिया वा कफी पिउने चलन धेरैको हुन्छ । कोही दूध राखेको चियाले ग्यास्ट्रिक गराउने भन्दै कालो चिया धेरै पिउने गर्छन् त कोही दूध चिया र कफी नै पिउन पनि डराउँदैनन् । तर चिया र कफी पिउनु ग्यास्ट्रिक र अपचको समस्या भएका बिरामीको लागि कत्तिको हानिकारक छ ?

वास्तवमा हिउँदमा मानिसहरु विभिन्न प्रकारका फ्राइड रोस्ट खान्छन्, जसले एसिडिटी र ग्यास्ट्रिकको समस्याहरु निम्त्याउँछ । कहिलेकाँही यस्ता खानामा रहेको अम्लताले पेटको दुखाइ, छातीमा जकडिएको वा गम्भीर टाउको दुखाइको समस्या पनि निम्त्याउँछ । तर के मानिसहरु चिया पिएर ग्यास्ट्रिक या एसिडिटीको शिकार हुने गर्छन्?

यदि हुन्छ भने यस्तो अवस्थामा चियाको विकल्पमा के पिउन सकिन्छ ? भन्ने प्रश्नको उत्तर खोज्नको लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न किसिमका खोजीहरु भएका छन् ।

ग्यास्ट्रिकको समस्यामा चिया र कफी

२०१३ मा गरिएको एक अध्ययनले ग्यास्ट्रिकको समस्या भएकाहरूले कफी पिउँदा समस्या झनै बढ्ने सम्भावना रहेको देखाएको छ । यस कारणले गर्दा मानिसहरुमा भोक कम लाग्ने, डकार धेरै आउने र पेटमा दुखाइको मससुस हुने गर्छ । चिकित्सक र स्वास्थ्य संगठनहरुले समेत ग्यास्ट्रिकको समस्या भएका मान्छेमा कफीजन्य पेय पदार्थबाट बच्नुपर्ने सुझाव दिन्छन् । ती संगठनहरुको अध्ययन रिपोर्टले ग्यास्ट्रिकका बिरामीले जति धेरै कफी वा चियाको सेवन गर्‍यो उति नै यसको समस्या बढ्दै जाने बताएको छ ।

ग्यास्ट्रिकको समस्यामा कफी

जर्नल अफ गेस्ट्रोएन्टेरोलोजी एण्ड हेपेटोलोजीमा प्रकाशित एक अन्तर्वार्तामा स्ट्यानफोर्ड युनिभर्सिटीका सह प्राध्यापकले ग्यास्ट्रिक भएका बिरामीहरुको जीवनशैली परिवर्तनको बारेमा कुरा गर्दा कफी एवं कफीजन्य पेय पदार्थबाट सकेसम्म टाढै बस्न सल्लाह दिएका थिए । यसरी यदि तपाईंले कफी पिउनुहुन्छ, जसमा कफीजन्य पदार्थ अधिक मात्रा हुन्छ भने यसले पेटमा उत्पन्न हुने ग्यास सम्बन्धी समस्यालाई बढाउन पनि सक्छ ।

ग्यास्ट्रिकको समस्यामा



चिया पिउँदाका फाइदाहरु

अब चिया र ग्यासको समस्याको बारेमा कुरा गर्दा अनुसन्धानकर्ताहरुले भनिरहेका छन् कि यी सबै क्याफिनयुक्त पदार्थहरुले ग्यासको समस्यालाई बढाउन सक्दछ, चाहे यो कफीमा होस् वा चियामा वा अन्य कुनै खाद्यान्न वस्तुहरुमा । चियामा क्याफिन मात्र हुँदैन तर अन्य धेरै कम्पोनेन्टहरु पनि हुन्छन् । यदि तपाईंले चिया पिउँदा ग्यासको समस्या बढाउने कफिन मात्रै नभएर त्यसलाई नियन्त्रण गर्ने पदार्थ पनि त्यसमा पाउन सक्नुहुनेछ । तर त्यसको लागि तपाईंले केही ध्यान दिनुपर्ने कुरा समेत छ । उदाहरणको लागि चियामा धेरै दूध र चियापत्तीहरु नथप्नुहोस् । यसको सट्टामा चियाको पनि फरक भेराइटीहरु छान्नुहोस् । जस्तैः

(कागती चिया

(कालो चिया

(हर्वल चिया

(सहजनको पातको चिया

यति हुँदाहुँदै पनि ग्यास सम्बन्धी समस्याहरुको बेला चिया र कफी पिउने या नपिउने भन्ने सवालमा अझै धेरै अनुसन्धान गर्नु आवश्यक छ । किनभने धेरै अनुसन्धानहरुले पनि सुझाव दिन्छ कि पूरै आहारबाट कफिन हटाउनु पनि बुद्धिमानी होइन । किनकि कफिनले मस्तिष्कलाई सक्रिय पार्न पनि मद्दत गर्छ । शरीरको लागि कफीका अन्य धेरै फाइदाहरु पनि छन् । तर अझै पनि व्यक्तिहरुले यो कुरा सधैं मनमा राख्नुपर्छ कि यदि हामीले सन्तुलित तरिकाले केही खान्दैनौं भने यसले समस्याहरु निम्त्याउन सक्छ ।

*अनलाइनखबर डटकमबाट*

# कोरोनामा...

**पहिलो : आउटब्रेक अनुसन्धान**

कुनै समय नेपालका बहुसंख्यक संक्रमित भारतबाट घर फर्किएकाहरू थिए । उनीहरूलाई जसतसो क्वारेन्टिनमा राखेकाले संक्रमण सोझै समुदायमा पुग्न पाएन । तर, क्वारेन्टिनको कमजोर व्यवस्थापन, पीसीआर गरेकाहरूको समयमा रिपोर्ट नआउनु, आरडीटी गरेर घर पठाउनु, लकडाउन खुकुलो भएसँगै भारतबाट मानिसहरूको सहज आवागमनले संक्रमणलाई समुदायमा पुर्‍यायो ।

एकपछि अर्को शहरमा संक्रमण देखियो । तैपनि यस्ता आउट ब्रेकहरूको अनुसन्धान नै भएको छैन ।

यसका लागि 'सेरो प्रिभिलेन्स सर्वे' (समुदायमा गरिने परीक्षण) गर्न जनस्वास्थ्य विज्ञहरूले सुझाउँदै आएका थिए । तर, यो काम पनि अझैसम्म हुन सकेको छैन । समुदायमा संक्रमण कसरी फैलिएको छ भन्ने थाहा नहुँदासम्म रोक्न प्रभावकारी कदम चाल्न सकिन्न ।

**दोस्रो : डेथ पोजेटिभिटी विश्लेषण**

सुरुमा संक्रमितको सख्या १०० कट्दैन भन्ने सरकारी अधिकारीहरूले जेठमा समेत १५ हजार कट्दैनन् भनेका थिए । अहिले संक्रमितको संख्या २ लाख नजिक छ भने अझै डेढ लाखसम्म थपिने स्वास्थ्य सचिवले सार्वजनिक रूपमा दाबी गरेका छन् ।

संक्रमित बढे पनि मृत्युदरलाई ०.६ प्रतिशतमा कायम राख्न सफल भएको सरकारी दाबी छ । तर, मन्त्रालयकै तथ्यांक अनुसार डेथ फेर्टालिटी रेट अहिले नै ०.७ पुगिसकेको छ । आइतबारसम्म कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११०८ पुगेको छ । प्रदेशका सामाजिक विकास मन्त्रालयको तथ्यांक यो भन्दा केही बढी छ भने कोरोना संक्रमणबाट मृत्यु भएकाहरूको शव व्यवस्थापन गर्ने जिम्मा पाएको नेपाली सेनाका अनुसार यो करिव १७०० छ । परीक्षणकै दायरामा नआएर मृत्यु भएका केही पनि समाजमा केही संख्यामा छ नै ।

त्यसैले अबका दिनमा मृत्युदरलाई ३ प्रतिशतभन्दा कममा राख्नु अबको चुनौती भएको स्वास्थ्य मन्त्रालयकै अधिकारीहरू बताउँछन् । एक विज्ञ भन्छन्, 'मृत्युदरलाई हामीले एक प्रतिशतमा राख्न सक्यौं भने सबैभन्दा राम्रो हुन्छ ।'

**तेस्रो : अस्पताल व्यवस्थापन**

चिकित्सकहरूका अनुसार ठूला शहरहरूमा अस्पताल भर्ना गर्नुपर्ने कोरोना संक्रमितलाई बेड पाउन मुस्किल छ । २ कात्तिकमा मन्त्रालयले विपन्न, असहाय, अति अपाङ्गता भएका र फ्रन्टलाइनमा खटिनेमा लक्षण देखिए मात्र सरकारले निःशुल्क उपचार गर्ने, अरूले आफ्नै खर्चमा उपचार गर्नुपर्ने बताएपछि झन समस्या थपिएको छ । बेडकै लागि पैसा र पहुँच चाहिने अवस्था आएको छ ।

मन्त्रालयले ६ हजार हाई डिपेन्डेन्सी युनिट थप्ने त भनेको छ, तर यसमा पनि समस्या देखिएको छ । खासगरी उपत्यकाका छनोट भएका कतिपय अस्पतालमा बेड थप्न सक्ने अवस्था छैन भने कतिपयमा स्वास्थ्यकर्मीको अभाव छ ।

अब उपत्यकामा स्वास्थ्य संकट घोषणा गरेर निश्चित अस्पताललाई ननकोभिड र बाँकीलाई कम्तिमा ६ महिना सरकारको मातहतमा ल्याएर सेन्ट्रल कमाण्ड सिस्टममा चलाउनुको विकल्प नभएको मन्त्रालयका विज्ञहरू बताउँछन् ।

यसो गर्दा २० प्रतिशतभन्दा कम अकुपेन्सी भएका निजी अस्पतालका विरामीलाई ननकोभिड अस्पतालमा सारेर त्यहाँ संक्रमितलाई राख्न सकिन्छ । साथै उपत्यकामा भएको नेपाल मेडिकल कलेज र किस्ट मेडिकल कलेजका अधिकांश वेडमा सेन्ट्रल सिस्टम अक्सिजनको पाइप पुगेको छ । तत्काल दुवै मेडिकल कलेजलाई कोभिड अस्पताल बनाउने हो भने झण्डै एक हजारलाई बेड व्यवस्था गर्न सकिन्छ ।

चिकित्सकहरूका अनुसार पर्याप्त अक्सिजन बेडहरूको जोहो मात्र गर्न सक्ने हो भने धेरै संक्रमितलाई आईसीयू नै चाहिँदैन ।

यसले गम्भीर अवस्थाका बिरामीहरूले समयमै आईसीयू पाउने अवस्था मात्र बन्दैन, संक्रमित निको हुने अवधिलाई समेत ७ देखि १० दिनमा झार्न मदत गर्छ र मृत्युदरलाई पनि नियन्त्रणमा राख्न सघाउँछ ।

यो सबै जान्दाजाँदै स्वास्थ्य मन्त्रालयले किन त्यसअनुसार काम गर्न सकेन त ? स्वाभाविक प्रश्न उठ्छ । अधिकारीहरूका अनुसार मन्त्रालयमा न यसरी सोच्ने लिडरसिप छ, न समन्वय । सानो घेरामा रमाउने र उनीहरूलाई सुनेर निर्णयमा पुग्ने नेतृत्व छ, विभागका हाकिमहरूबीच पछिल्लो समय समन्वय हराउँदै गएको छ । महामारीविरुद्ध लड्न चाहिने 'सेन्स अफ अर्जेन्सी' पटक्कै छैन भन्दा फरक पर्दैन ।

त्यसमा सहमत मन्त्रालयका एक विज्ञ भन्छन्, 'अब प्रधानमन्त्री अगाडि आउनुपर्छ र कोर्स करेक्सन गर्नुपर्छ ।'

उनका अनुसार प्रधानमन्त्रीले सकिन्छ भने सबै, नभए पनि सरकारी प्रयोगशालामा परीक्षण र अस्पतालमा उपचार निःशुल्क गर्ने घोषणा गर्नुपर्छ । सर्वोच्च अदालतले पनि परीक्षण र उपचार निःशुल्क गर्नू भनेर आदेश दिएकै छ । त्यसैले सरकारले आफ्नो गलत निर्णय सच्याउन सक्नुसर्छ ।

यस्तै काठमाडौं उपत्यकामा स्वास्थ्य संकट घोषणा गरेर निजी, सरकारी सबै अस्पताललाई सेन्ट्रल कमाण्डमा ल्याउनुपर्छ । ननकोभिड उपचारका लागि केही अस्पताल तोकेर अरू सबैमा उपचारको बन्दोबस्त मिलाउनुपर्छ ।

र, सबै राजनीतिक दलहरूलाई कोरोना भाइरस (कोभिड(१९) को महामारीविरुद्ध एक भएर लड्न आह्वान गर्नुपर्छ ।

कतिपय जनस्वाथ्य विज्ञहरूले भने प्रधानमन्त्री केपी शर्मा ओलीकै 'कोरोना बुझाइ'मा नै समस्या देख्छन् । त्यसमाथि पछिल्लो समय पार्टीको आन्तरिक संघर्षमा फरेका प्रधानमन्त्री ओलीले कोर्स करेक्सन गर्लान त ?

मन्त्रालयका एक विज्ञ भन्छन्, 'गर्नुभएन भने कोरोना संक्रमण उहाँहरूले सोचेभन्दा जटिल अवस्थामा पुग्छ ।'

'यही पाराले हो भने मृतकको संख्या ६ हजार नाघ्छ । त्यो भनेको कुल संक्रमितको संख्या ६ लाख हाराहारी पुग्नु हो' उनले दाबाका साथ भने ।

*अनलाइनखबर डटकमबाट*


## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा

अर्नमा गाउँपालिका कार्यालय, सिरहा

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

औरही गाउँपालिका कार्यालय, सिरहा

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्युटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६११६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यु यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)